nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

28°C । वर्ष : १०, अंक : ३५६ पृष्ठ ४ । बिहीबार,२२ साउन २०८२ । THURSDAY, AUGUST 07, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## स्थानीयले पूजापाठ गरी डिप वोरिङको शुभारम्भ गर्दै मन्त्री यादवलाई दिए धन्यवाद

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२१ साउन ।***

वीरगंज महानगरपालिका-१६ स्थित नगवामा स्थानीय महिलाहरूले हिन्दू परम्पराअनुसार डिप बोरिङको पूजा गरी खानेपानी वितरण कार्यको औपचारिक शुभारम्भ गरेका छन् । स्थानीय अगुवा तथा समाजसेवीहरूको विशेष उपस्थितिमा आयोजित कार्यक्रममा महिलाहरूले धार्मिक विधिपूर्वक पूजा गरेका थिए। उक्त अवसरमा जनता समाजवादी पार्टी वीरगंज महानगर समितिका अध्यक्ष अरुण यादव लगायतको पनि उपस्थिति रहेको थियो। तराई-मधेश क्षेत्रमा खानेपानीको मुहानलाई ‘कोइला माता’को रूपमा पूजा गर्ने परम्परा रहिआएको छ । पूजापछि महिलाहरूले मिठाई वितरण गर्दै खानेपानी मन्त्री प्रदीप यादवप्रति आभार व्यक्त गरेका थिए । गणेश टोलका स्थानीयवासीहरू भूसतहको पानी सुकेपछि लामो समयदेखि खानेपानीको चरम अभाव झेलिरहेका थिए। चापाकलहरू निस्क्रिय भएपछि समस्या समाधानका लागि स्थानीय



युवा नेता अरुण यादवले खानेपानी मन्त्री प्रदीप यादवसँग डिप बोरिङको माग गरेका थिए । मन्त्री यादवको निर्देशनमा जडान गरिएको डिप बोरिङसँगै खानेपानीको समस्या समाधान भएपछि स्थानीयवासी हर्षित भएका छन्। यो योजनाबाट कम्तीमा ६० घरधुरीलाई स्वच्छ खानेपानी उपलब्ध हुने अपेक्षा गरिएको छ । साथै, २,००० लिटर क्षमताको पानी ट्याङ्की पनि जडान गरिनेछ, जसले पानी भण्डारण तथा वितरण प्रक्रियालाई थप सहज बनाउने विश्वास गरिएको छ । स्थानीय पाशुपति देवी जयसवालले भनिन्, “खानेपानीको समस्या हाम्रा लागि ठूलो पीडा बनेको थियो । मन्त्री प्रदीप यादवज्यूको सक्रियताले हाम्रो जीवनमा सहजता ल्याएको छ । हामी उहाँप्रति कृतज्ञ छौं ।” त्यसैगरी अर्का स्थानीय बासिन्दा राहुल गिरीले पनि मन्त्री यादवको तत्परताको प्रशंसा गर्दै समुदायमा सकारात्मक परिवर्तन आएको बताए । मन्त्रीका स्वकीय सचिवका अनुसार, मन्त्री यादवको कार्यकालमा हालसम्म पर्सा जिल्लाभरि ३०० भन्दा बढी स्थानमा डिप बोरिङ जडान भइसकेका छन्, जसबाट हजारौं परिवारले स्वच्छ

बाँकी तेश्रो पृष्ठमा⇨

## चुनावअघि शिलान्यास भएको पुल तीन वर्षदेखि अलपत्र

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२१ साउन ।***

निर्वाचनमा भोट आकर्षित गर्न हतार-हतारमा शिलान्यास गरिएको बाराको पसाहा खोलामाथिको पुल तीन वर्षदेखि अलपत्र पर्दा स्थानीयवासी निराश र आक्रोशित बनेका छन् । २०७९ को प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनअघि जसपा नेपालका नेताहरू रामसहाय प्रसाद यादव र रामबाबु प्रसाद यादवले निकै तामझामका साथ शिलान्यास गरेको यो पुलको निर्माण कार्य अहिलेसम्म सुरु हुन सकेको छैन । पसाहा खोलामा पुल नहुँदा सिमरा, कोल्हवी, करैयामाई लगायतका क्षेत्रका हजारौं सर्वसाधारणले वर्षौंदेखि सास्ती भोगिरहेका छन् । बर्खाको समयमा खोलामा बाढी आउँदा बाटो अवरुद्ध हुन्छ र ३० किलोमिटर घुमेर कलैया हुँदै सिमरा पुग्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन्। यसले यातायात



मात्रै होइन, दैनिक कामकाज, स्वास्थ्य सेवा र सरकारी कार्यालयसम्मको पहुँचमा समेत गम्भीर समस्या सिर्जना गरेको छ । जीतपुर सिमरा-१७ का वडाध्यक्ष भीम लामाका अनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ४३ करोडको ठेक्कासम्बन्धी सूचना निकाले पनि बजेट सुनिश्चित नभएकाले निर्माण अगाडि बढ्न सकेन । उनले चुनावको बेला राजनीतिक दबाबमा ठेक्का निकालिए पनि पछि बजेट विनियोजन नहुँदा काम रोकिएको बताए । लामाले अर्थमन्त्री विष्णु प्रसाद पौडेलसँग भेटेर ध्यानाकर्षण गराए पनि यस वर्षको बजेटमा समेत यो पुलको योजना समावेश नभएको गुनासो गरे । यो पुल निर्माण भएमा सिमरा-कोल्हवी सडकखण्ड हुँदै रौतहटको गौरसम्म जाने यात्रुहरूका लागि ६० किलोमिटरसम्मको दूरी कम हुनेछ, जसले गर्दा समय र इन्धन

बाँकी तेश्रो पृष्ठमा⇨

## सामुदायिक प्रहरीद्वारा जनचेतनामूलक कार्यक्रम सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२१ साउन ।***

मानव बेचबिखन र लागुऔषध ओसार-प्रसारजस्ता सामाजिक अपराधबारे विद्यार्थीलाई सचेत गराउने उद्देश्यसहित बीरगन्ज-१६ स्थित सनलाईट कलेजमा एक विशेष जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत कुम्हालटोल सामुदायिक प्रहरी सेवा केन्द्रको आयोजनामा गरिएको हो । कार्यक्रममा वडा प्रहरी कार्यालय बिर्ताका प्रमुख प्रहरी निरीक्षक निरोज चौलागाईं प्रमुख अतिथि रहेका थिए । उनले मानव बेचबिखनका स्वरूपहरू, कानुनी प्रावधान, लागुऔषधको दुष्परिणाम, ओसार-प्रसारका माध्यम र विद्यार्थी तहमा देखिन सक्ने जोखिमहरूबारे गहन जानकारी प्रस्तुत गरे । उनले विद्यार्थीलाई सजग रहन, सामाजिक



जिम्मेवारी निभाउन र कुनै पनि आपराधिक गतिविधि देखेमा प्रहरीलाई तुरुन्त जानकारी गराउन आग्रह गरे । कार्यक्रमको अध्यक्षता कुम्हालटोल सामुदायिक प्रहरी सेवा केन्द्रका वरिष्ठ सल्लाहकार श्याम केसीले गरेका थिए भने सञ्चालन सचिव श्रवणबहादुर रायमाझीले गरे । कार्यक्रममा सनलाईट कलेजका प्रिन्सिपल आलोक चौर सिया, समाजसेवी मार्टिन मोक्तान, नन्दलाल राउत, प्रहरी हवल्दार कुमार विक, तारा बिष्ट, अतिथि सन्तोषमान रजितकार, टोल सुधार समाज अध्यक्ष नन्दलाल अहिर, सामुदायिक केन्द्र उपाध्यक्ष सञ्जु दाहाल, लाल बाबू सिंह, सुशील वर्णवाल, सम्झना मल्ल लगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । विद्यार्थीहरूले कार्यक्रममा गहिरो चासोका साथ सहभागिता जनाएका थिए। उनीहरूको प्रश्नोत्तर, जिज्ञासा र विचारहरूले उनीहरूमा

बाँकी तेश्रो पृष्ठमा⇨

## खुला सीमानाका कारण वार्षिक लक्ष्य घटाए पनि बीरगन्ज भन्सारको राजस्व संकलनमा पुन: कमी

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२१ साउन ।***

खुला सीमानाका कारण हुने अवैध चोरी-पैठारी र निकासीले गर्दा बीरगन्जका दुई प्रमुख भन्सार कार्यालयहरू आर्थिक वर्ष २०८१/८२ मा वार्षिक लक्ष्य घटाएर तोकिए पनि त्यो लक्ष्य प्राप्त गर्न असफल भएका छन् । पर्सा जिल्लामा १०७ किलोमिटरको खुला सीमाका कारण सीमावर्ती क्षेत्रका सर्वसाधारणले भारतको बजारबाट सस्तोमा अत्यावश्यक सामान ल्याउने प्रचलन छ । यसले वैध आयात घटाउने र राजस्व संकलनमा सीधा असर गर्ने गरेको छ । बीरगन्जभन्सारको प्रदर्शन भन्सार विभागले बीरगन्ज भन्सार कार्यालयलाई गत आवमा रु २ खर्ब १८ अर्ब ९५ करोड राजस्व संकलनको लक्ष्य दिएको थियो । तर, कार्यालयले ८०.३५% मात्रै लक्ष्य पुरा गर्दै १ खर्ब ७५ अर्ब ९३ करोड राजस्व उठाएको छ । त्यस्तै, सुक्खा बन्दरगाह भन्सार कार्यालयले रु ६० अर्ब ४ करोड को लक्ष्यमा रु ४९ अर्ब ८२ करोड मात्र संकलन गर्न सक्यो। खुला सीमाको समस्या भन्सार प्रशासक दीपक लामिछानेका अनुसार खुला सीमाका कारण जनताले साना परिमाणमा सामान ल्याउँदा त्यसलाई नियमन गर्न गाह्रो भइरहेको छ । सीमामा ‘रोटी-बेटी’



सम्बन्धको सामाजिक संरचना र कमजोर निगरानी प्रणालीले पनि समस्यालाई थप पेचिलो बनाएको छ। अवैध सामानको बहार गत वर्ष मात्रै पर्सा जिल्लामा सशस्त्र प्रहरी र नेपाल प्रहरीले रु १ अर्बभन्दा बढी मूल्य बराबरका भन्सार छली तथा बिलबिजक नभएका सामानहरू बरामद गरेका छन् । जिल्ला प्रहरी कार्यालयले रु ५२ करोड ४ लाख बराबरका ९१ वटा मालबाहक सामान राजस्व अनुसन्धान कार्यालयमा बुझाएको छ। सशस्त्र प्रहरी बलले रु ४० करोड ९१ लाख मूल्य बराबरका अवैध सामान बरामद गरेको छ,

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सामा ९० प्रतिशत रोपाइँ सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२१ साउन ।***

पछिल्ला केही दिनयताको निरन्तर वर्षाले पर्साका किसानको अनुहारमा खुसी छाएको छ । खेतमा पानी नपुग्दा रोपाइँ ढिलो भइरहेको बेला अविरल वर्षापछि जिल्लाभर रोपाइँको गति तीव्र बनेको हो ।कृषि ज्ञान केन्द्र, पर्साका अनुसार हालसम्म औसतमा ९० प्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ । केन्द्रका प्रमुख रामजीवन ठाकुरका अनुसार कतिपय स्थानीय तहमा रोपाइँ ९२ देखि ९४ प्रतिशतसम्म पुगेको छ। यद्यपि तुलनात्मक रूपमा वीरगंज महानगर क्षेत्रमा रोपाइँको प्रतिशत केही कम देखिएको छ । ठाकुरका अनुसार, “सिँचाइको समस्या भएकाले केही ढिलो भएको

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्जमा हरियाली अभियान: प्रत्येक घरलाई एक फलफूल बिरुवा

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२१ साउन ।***

हरियाली प्रवर्द्धन र वातावरणीय सन्तुलन कायम राख्ने उद्देश्यसहित बीरगन्ज महानगरपालिकाले “एक घर, एक बिरुवा” अभियान अन्तर्गत फलफूलका बिरुवा नि:शुल्क वितरण गर्न थालेको छ । बुधबारदेखि सुरु भएको यो अभियानको उद्घाटन बीरगन्जको घण्टाघर चोकमा गरिएको थियो, जहाँ स्वयं महानगर प्रमुख राजेशमान सिंहले स्थानीय बासिन्दालाई बिरुवा वितरण गर्दै अभियानको थालनी गरे ।

उनले वातावरणीय सन्तुलन कायम राख्न प्रत्येक घरले कम्तीमा एक बिरुवा रोप्नुपर्नेमा जोड दिए । कार्यक्रममा आँप, लिची, कागती, अनार, अम्बा र बेल लगायतका फलफूलका बिरुवाहरू वितरण गरिएको थियो । महानगरपालिकाको कृषि शाखा प्रमुख रोशनी यादवका अनुसार पहिलो चरणमा करिब ५ हजार बिरुवा वितरण गर्ने लक्ष्य राखिएको छ, जसको सुरुवात घण्टाघर चोकबाट गरिएको हो । महानगरले अभियान अन्तर्गत सार्वजनिक स्थल, विद्यालय, धार्मिक स्थलहरूका साथै इच्छुक घरधुरीहरूलाई पनि बिरुवा प्रदान गरिरहेको छ ।

स्थानीय बासिन्दाहरूले महानगरको यो पहलप्रति सकारात्मक प्रतिक्रिया दिएका छन् । अभियानले वीरगंजलाई हरियाली र स्वच्छ शहर बनाउनेतर्फ महत्वपूर्ण योगदान पुर्‍याउने आशा गरिएको छ ।

## उखुमा अनुदान कटौतीको विरोधमा रौतहटमा प्रदर्शन

***रौतहट,२१ साउन***

सरकारले उखुमा दिइँदै आएको अनुदान हटाउने निर्णय गरेपछि रौतहटका किसान आन्दोलित भएका छन्। कटहरिया नगरपालिका-९ मा रहेको बाबा बैजूनाथ सुगर एन्ड केमिकल्स मिल्स अगाडि बुधबार उखु किसानहरू सडकमा उत्रिएर टायर बाल्दै प्रदर्शन गरेका हुन् । उखु उत्पादक संघ, रौतहटको अध्यक्ष अशोक यादवको नेतृत्वमा गरिएको प्रदर्शनमा किसानहरूले तीन बुँदे मागसहित विरोध जनाएका छन् । उनीहरूले प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान तत्काल उपलब्ध गराउन, आर्थिक वर्ष २०८२/८३ को उखु मूल्य चाँडै निर्धारण गर्न र विगतको बाँकी अनुदान रकम तुरुन्त भुक्तानी गर्न सरकारसँग माग गरेका छन् । प्रदर्शनपश्चात आयोजित कोणसभामा किसान नेता अशोक यादव, रामभरोस यादव, कुमार चौलागाईं र राजकुमार दास लगायतले सरकार आफूहरूको समस्याप्रति संवेदनशील नभएको भन्दै आक्रोश पोखेका थिए ।

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### नैतिकताको खडेरी

जनप्रतिनिधि पदलाई सम्माननार्थ 'माननीय', 'सम्माननीय'जस्ता शब्द प्रयोग गरिन्छ । माननीय र सम्माननीयसँग उच्च नैतिक चरित्रको अपेक्षा गरिन्छ । जसको व्यवहार नागरिकले नक्कल गर्न गरून् । तर कतिपय जनप्रतिनिधिहरू नागरिकका अपेक्षाविपरीत प्रस्तुत भइरहेका हुन्छन् । यस्तैमा अर्को एउटा घटना थपिएको छ- कुलिङ पिरियड प्रकरण । जुन घटनाले केही राजनीतिक नेता र उच्च पदस्थ कर्मचारीमाथि प्रश्न उठाएको छ । जवाफ दिनुको सट्टा उनीहरू कानुनी रूपमा पदबाट हट्न नपर्ने हठ गरिरहेका छन् । यो नैतिकताको खडेरीको ज्वलन्त उदाहरण हो । कुलिङ अफ पिरियड भनेको सरकारी कर्मचारीका लागि राजीनामा दिएपछि वा अवकाश पाएपछि निश्चित समय सरकारी, गैरसरकारी, संवैधानिक वा कूटनीतिक नियुक्ति लिन नपाउने प्रावधान हो । यो प्रावधान राख्नेगरी संसदीय समितिले सहमति जुटाएको थियो । संसदीय छानबिन समितिको निष्कर्षअनुसार कुलिङ अफ पिरियड निष्क्रिय हुने भाषा विधेयकमै राख्न राजनीतिक नेता र उच्च पदस्थ कर्मचारी लागे । ती को हुन् भनेर संसदीय समितिले किटान नै गरिदिएको छ । राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा, मुख्यसचिव एकनारायण अर्यालगायतलाई जिम्मेवार ठहऱ्याएको छ । नैतिक समाजमा यसभन्दा ठूलो कारबाही के हुन सक्छ ? तर उनीहरू पद छाड्नुनपर्ने जवाफ दिइरहेका छन् । समाजकै अगुवाको यस्ता व्यवहारले माननीय, सम्माननीयजस्ता सम्माननार्थी शब्दको अवमूल्यन मात्रै गरेको छैन, जनप्रतिनिधिप्रतिको विश्वाससमेत घटाइरहेको छ । एकातिर घुस डिल गरेको आरोप लागेका मन्त्रीहरू पदमा बहाल छन् । अर्कोतिर नेपाल सरकारका मुख्यसचिव नै सार्वभौम संसदको निर्णय नमान्ने हुंकार गरिरहेका छन् । यसमा न राजनीतिक नेतृत्व गम्भीर छ न स्वयं नैतिकताको कसीमा बाँधिनेहरू जिम्मेवार छन् । उल्टै गम्भीर आरोपबाट समेत उन्मुक्ति खोजिरहेका हुन्छन् । नागरिकको प्रश्न र चेतनामाथि प्रतिप्रश्न गरिरहेका हुन्छन् । जनताप्रति जनप्रतिनिधि जिम्मेवार र जवाफदेही हुन नपर्ने यस्तो गलत प्रवृत्ति बढ्दै गए समाजले सही गति लिन सक्दैन । यसकारण जनप्रतिनिधिहरूले सकारात्मक सन्देश दिन पनि आदर्श व्यक्तिको मानक भत्काउनु हुँदैन । नागरिकले जनप्रतिनिधिबाट सुशासन र पारदर्शिताको माग गरेका छन् । जनप्रनिधिहरूले विकासको कुरा गरून्, कसैमाथि दुर्व्यवहार र अपाच्य व्यवहार नगरून् भन्ने छ । यस्तो नागरिक अपेक्षामा कुठाराघात भए तत्काल कानुनलाई छले तापनि जहिलेसुकै खतरामा परिन्छ भन्ने जोसुकैले ख्याल गर्न आवश्यक छ ।

# मधेशको मौसमी चिन्ता

**सीके लाल**



प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले मधेशको सुक्खाग्रस्त क्षेत्रको हेलिकप्टरबाट अवलोकन गरेपछि काठमाडौंका केही नामदार पत्रकार आफ्ना स्थानीय सहयोगीलाई प्रकोप पर्यटनको कार्यक्रम मिलाउन भनिसकेका थिए । पर्यटकीय रिपोर्टिङले पनि विपद्का तत्कालीन प्रभावहरूलाई सार्वजनिक जानकारीमा ल्याउँछ । रिपोर्टिङमा समानुभूतिभन्दा रोचकता वा संवेदनाहीनता हाबी भयो भने प्रभावित जनसमुदायको सम्मान र गरिमामा चोट पुग्ने जोखिम बढ्छ । त्यसका साथै प्रकोप पर्यटनले प्रायः समस्यालाई सतही बनाउँछ, जहाँ आगन्तुकहरू प्रभावित समुदायमा दर्शक भएर पुग्छन् र बढीमा प्रतीकात्मक सहायताको वाचा गरेर फर्किन्छन् । प्रधानमन्त्री शर्मा ओली पनि मधेशमा 'डिप बोरिङ' गर्ने आश्वासन बाँडेर राजधानी फर्किएका थिए । उनको बोली वचनको खासै ठेगान हुँदैन । हुन त हरेक भान्सामा पाइपबाट ग्यास, ल्हासा-काठमाडौं रेल वा कोशी र नारायणीबाट पानीजहाजमा बंगालको खाडी हुँदा दुनियाँभरको सैरप्रकृतिका उडन्ते गफजस्तो 'डिप बोरिङ' हावादारी प्रतिज्ञा होइन । तर अल्पकालीन समाधानको लोभमा अल्झिएर त्यस्ता गतिविधिहरूको दीर्घकालीन असरलाई बेवास्ता गर्न भने उपयुक्त हुँदैन । मधेशमा भूमिगत पानीको नक्सांकन र अवस्थिति मूल्यांकन नै अद्यावधिक नगरी दुई-चार डिप बोरिङ गरेर वाहवाही त पाइएला तर जल संकटको दिगो समाधान भने हुन सक्ने देखिँदैन । मधेश कृषि-जल आन्दोलन संघर्ष समितिसँग सम्बद्ध व्यक्तिहरूले माइतीघर मण्डलमा सुक्खाले धान रोपाइँ हुन नसकेकाले किसानलाई तत्काल राहत दिन र किसानलाई लागत मूल्यको हिसाबले क्षतिपूर्ति प्रदान गर्ने माग राख्दै प्रदर्शन गरिसकेका छन् । चुरे वन संरक्षण अभियानका अभियन्ताहरू पनि प्लास्टिकका खाली बाल्टिन लिएर माइतीघरमै गोलबद्ध भएका थिए । संघीयताको जतिसुकै गफ हाँके पनि धरातलीय यथार्थ के हो भने, राहत, क्षतिपूर्ति र संरक्षणजस्ता सामान्य मागको सुनुवाइका लागि पनि काठमाडौंमै आवाज उठाउनुपर्ने बाध्यता अद्यापि कायम छ । सत्तासीन एवं तिनका आसेपासेहरू प्रकोप पर्यटनतिर आकर्षित भइरहँदा अधीनस्थ समुदायका केही चल्तापुर्जा व्यक्तिहरू विपद्मुखी विरोध प्रदर्शनलाई अवसरको रूपमा प्रयोग गर्न तम्सिनु पनि स्वाभाविक हो । तात्कालिक ध्यानाकर्षण, कार्यबाहीको तत्परता र उपयुक्तता एवं कार्यान्वनको निरन्तर अनुगमनमा सामाजिक अभियन्ताहरू संलग्न भइरहनु पनि पर्दछ । प्रकोप व्यवस्थापनमा प्रशासनको कमजोरी, राहत वितरणमा सुस्तता वा भ्रष्टाचार एवं सरकारी अधिकारीहरूमा सामान्यतः देखिने असंवेदनशीलताविरुद्ध सामाजिक चेतना जागृत गर्न र प्रणालीगत सुधारका लागि दबाब बनाउन सामाजिक अभियन्ताहरूको अग्रसरता किन पनि बढेर गएको हो भने सबैजसो राजनीतिक दलका अधिकांश कार्यकर्ताहरू आजभोलि निहित स्वार्थ समूहका लागि काम गर्ने बिचौलियामा रूपान्तरित भइसकेका छन् । नेपालमा प्रकोप पर्यटन, विपद्मुखी विरोध प्रदर्शन एवं सरकारी संयन्त्रहरूको उदासीन रबैयाबारे गहिरो अध्ययन र अनुसन्धान त के, खासै विस्तृत रिपोर्टिङ पनि हुने गरेको छैन । हिमालमा पग्लिँदै गएको हिउँ, महाभारत पर्वत शृंखलामा गिलो र सुक्खा पहिरो, चुरेका डाँडाहरूको भूक्षरण एवं तराई-मधेशमा खडेरी र बाढीको नियमित आकस्मिकतासँग अभ्यस्त भइसकेकाले हुनुपर्छ, प्रकृतिक वा मानवसिर्जित प्रकोपले सामान्यजनलाई उत्तेजित तुल्याउन छाडिसकेको छ । सन् २०१५ को गोरखा भुइँचालोसँग सम्बद्ध उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माण कार्यहरूको लेखाजोखा एवं त्यसका पाठहरूको संश्लेषणात्मक अध्ययण कुनै न कुनै विदेशी विश्वविद्यालयमा पक्कै भइरहेको होला । कोभिड-१९ महाव्याधिको कहरबाट सिकिएका पाठहरूको संकलन पनि कसै न कसैले गरिरहेकै हुनुपर्छ । प्रकृतिक प्रकोपको संकट कसरी केही व्यक्तिहरूका लागि अवसर बन्न पुग्ने रहेछ भन्ने कुरा अर्थराजनीतिक सँगसँगै सामाजिक अन्वेषणको पनि विषय हो ।सुक्खा होस् वा बाढी, सबभन्दा बढी प्रभावित भूमिहीन श्रमिक र साना किसान हुन पुग्दछन् । बालबच्चा पाल्न र छाक टार्न कठिन हुँदै गएपछि जस्तोसुकै सर्त स्वीकार गरेर ऋण लिनुको विकल्प रहँदैन । मिटरब्याजी साहुकार मात्र नभएर उधारो दिने किराना पसल र छरछिमेकका पैसावाल पनि सवैया र डेढी ब्याजको कुरा गर्न थाल्दछन् । राहत कर्मसँग जोडिएका सरकारी कर्मचारीहरूको अनुहारमा भने चमक आउँछ । ठेकेदारहरू रमाउँछन् । आपदालाई अवसरका रूपमा उपयोग गर्न जानेका राजनीतिकर्मीहरू पनि मनग्यै हुन्छन् । त्यस्तो अनैतिक त्रिकोणको फन्दामा परेका सामान्यजनको छटपटी अभिलेखनसमेत हुन नपाई हराउँछ । भारतमा भने खडेरीका बहुआयामिक असरबारे लेखिएका पलगुम्मी साईनाथका अंग्रेजी लेखहरूको सँगालो 'एभरिबडी लभ्स ए गुड ड्राट' जनपक्षीय पत्रकारिताका लागि सन्दर्भ पुस्तकजस्तै बन्न पुगेको छ । भारतका चौथो राष्ट्रपति वराहगिरी वेङ्कट गिरी (१८९४-१९८०) जस्ता ट्रेड युनियन आन्दोलनसँग जोडिएका राजनीतिकर्मीका नाति भएकाले पनि हुन सक्दछ, साईनाथको जीवनदृष्टिलाई 'गैर-कम्युनिस्ट वामपन्थी' भन्न मिल्छ । उनले भारतका सबभन्दा निर्धन जिल्लाका दुर्गम गाउँहरूमा पुगेर भूमिहीन, दलित र आदिवासीहरूको पीडा, योजना कार्यान्वयनको असफलता एवं विकासको नाममा भइरहेको शोषणलाई उजागर गरेका छन् । उनको कृतिलाई नेपालका माओवादीहरूसँग नजिक रहेको मानिने भारतीय पत्रकार आनन्द स्वरूप वर्माले 'तीसरी फसल' शीर्षक राखेर अनुवाद गरेका छन् । वर्मा कम्युनिस्टहरूलाई रुचाउने वामपन्थी भए पनि उनि आफ्नो आलोचनात्मक दृष्टिबाट साम्यवादी 'कमरेड' र सोसलिस्ट 'ब्रदर' लगायत अन्य कसैलाई पनि उम्किन दिँदैनन् । गंगा मैदानमा वर्षाऋतुमा लगाइने धान मुख्य 'खरीफ फसल' हो । जाडोमा बीउ छरेर वसन्तऋतुको अन्ततिर भित्र्याइने गहुँ, दलहन र तेलहनजस्ता हिउँदे बालीलाई मैथिलीमा पनि 'रबी' नै भन्छन् । पत्रकार वर्माले

बाँकी तेश्रो पृष्ठमा⇨

# त्रिविमा शिक्षक कसरी छानिन्छन् ?

**प्रा. लालु पौडेल**

त्रिभुवन विश्वविद्यालय सेवा आयोगले २०८२ जेठ २१ मा १ सय ३० जना शिक्षक अनुसन्धान विशिष्टताका आधारमा खुला प्रतियोगिताका माध्यमबाट नियुक्ति गर्न आवेदनका लागि विज्ञापन गरेपछि यससम्बन्धमा सरोकारवालाको मत विभाजित भएको छ । यसलाई रोक्नका लागि तालाबन्दी, पदाधिकारी प्रवेश निषेध तथा अदालतमा मुद्दा हाल्नेसम्मका कार्य भएका छन् ।विरोध गर्नेहरूले लिखित परीक्षाबिना नै स्थायी गर्न लागिएको तथा द्रुतमार्गबाट आफ्ना मानिस भर्ती गर्न लागिएको आरोप लगाइरहेका छन् । के साँच्चिकै यस्तै हो त ? यदि त्रिवि सुधार चाहने हो भने, संसारका विश्वविद्यालय देखेका, बुझेका र त्यहीँ उच्च शिक्षा अध्ययन गरेर आएका प्राज्ञहरूले यो भ्रम समयमा नै चिर्नु आवश्यक छ ।
विश्वविद्यालयका शिक्षकको प्रमुख जिम्मेवारी भनेको शिक्षण र अनुसन्धान गर्नु हो । पाठ्यक्रम तयार गर्ने, परीक्षा सञ्चालन गर्ने, मूल्यांकन गर्ने, नयाँ ज्ञान सिर्जना गर्ने, अनुसन्धानपत्र प्रकाशन गर्ने, सेमिनार र सम्मेलनमा सहभागिता जनाउने, साथै विश्वविद्यालय बाहिरका शैक्षिक, सामाजिक वा व्यावसायिक गतिविधिमा संलग्न भई ज्ञान र सीप बाँड्ने तथा नीति निर्माण प्रक्रियामा संलग्न भई समाजलाई शैक्षिक मार्गदर्शन गर्ने जिम्मेवारी प्राध्यापकको हो ।
विश्वविद्यालयको प्रकृति, उसले सञ्चालन गरेका शैक्षिक कार्यक्रम र आवश्यकताअनुसार शिक्षण गर्ने प्राध्यापक (टिचिङ फ्याकल्टी) र अनुसन्धान गर्ने प्राध्यापक (रिसर्च फ्याकल्टी) भनेर दुई किसिमका प्राध्यापक नियुक्ति गर्ने प्रचलन विश्वभरिका विश्वविद्यालयमा रहेको छ । तर टिचिङ फ्याकल्टी पनि अनुसन्धानमा संलग्न हुन्छन् र रिसर्च फ्याकल्टीले पनि निश्चित कक्षाभार लिने गर्दछन् । त्रिविमा शिक्षकहरूले हप्तामा १२ देखि १५ घण्टा मात्र अनिवार्य पढाउनुपर्ने हुन्छ । बाँकी समय अनुसन्धान, परीक्षा, थेसिस सुपरभिजन कार्य गर्न तथा सेमिनार र सम्मेलनहरूमा सहभागिताका लागि छुट्याइएको हो ।त्रिवि शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम १२६ ले दिएको अधिकारबमोजिम कार्यकारी परिषद्ले शिक्षक नियुक्तिसम्बन्धी स्पष्ट आधारसहित नियमित पदपूर्ति र बढुवाका लागि 'त्रिवि शिक्षक नियुक्तिको सिफारिससम्बन्धी विनियम, २०७५' निर्माण गरेको हो । उक्त विनियममा उपप्राध्यापक शतप्रतिशत खुला प्रतियोगिता र सहप्राध्यापक र प्राध्यापक २० प्रतिशत खुला तथा ८० प्रतिशत आन्तरिक प्रतियोगिताका माध्यमबाट नियुक्ति गर्ने व्यवस्था रहेको छ ।सोही विनियमको विनियम ८ को उपविनियम (७) मा विश्वविद्यालयले आवश्यकताअनुसार शिक्षण सेवामा रिक्त पदहरूमध्ये निश्चित संख्यामा अनुसन्धानात्मक विशिष्टताका आधारमा पदपूर्ति गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुरूप 'त्रिवि अनुसन्धान विशिष्टताका आधारमा खुला प्रतियोगिताद्वारा शिक्षकहरूको नियुक्तिको सिफारिससम्बन्धी विनियम, २०८२' निर्माण गरिएको छ ।विश्वविद्यालय सेवाको पदपूर्तिका लागि उम्मेदवार छनोट गर्दा सेवा आयोगबाट लिइने परीक्षाको किसिमसम्बन्धमा त्रिवि शिक्षक तथा कर्मचारी सेवासम्बन्धी नियम, २०७५ को नियम ९५ (१) मा व्यवस्था छ । यसमा लिखित परीक्षा, प्रयोगात्मक परीक्षा, छनोट, मूल्यांकन, अन्तर्वार्ता र आयोगले तोकेका अन्य तरिकाबाट हुने व्यवस्था गरेको छ । सोही नियमको उपनियम (२) मा उपनियम ( १) बमोजिमको परीक्षासम्बन्धी मूल्यांकन विधि आयोगबाट तोकिएबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । त्रिवि नियमले कुनै पनि एक विधिलाई अनिवार्य गरेको छैन । कस्तो परीक्षा विधि अपनाउने भन्ने कस्तो जनशक्ति छनोट गर्न लागिएको हो, त्यसमा भर पर्छ ।
त्रिभुवन विश्वविद्यालयमा सुरुवाती कालमा शैक्षिक कार्यक्रम अनुसन्धानभन्दा शिक्षणमुखी थियो । तसर्थ प्राध्यापकको प्रमुख जिम्मेवारी कक्षाकोठा शिक्षण थियो र छनोट गर्दा शिक्षण गर्ने प्राध्यापक (टिचिङ फ्याकल्टी) नियुक्तिमा बढी जोड दिइयो । यस पृष्ठभूमिमा उपप्राध्यापक छनोट गर्दा लिखित परीक्षालाई प्रमुख आधार बनाइयो । सहप्राध्यापक र प्राध्यापक बढी अनुसन्धानमा खटिने हुँदा खुला प्रतियोगितामा पनि लिखित परीक्षा अनिवार्य छैन । तसर्थ, एउटै पदमा फरक विधिबाट शिक्षक छनोट गर्ने तथा खुला प्रतियोगितामा समेत लिखित परीक्षा नराख्ने त्रिवि सेवा आयोगले स्थापनाकालदेखि नै अपनाउँदै आएको नियमित अभ्यास हो । पछिल्लो समयमा त्रिविमा पनि प्रायः सबै विषयमा एमफिल र विद्यावारिधि उपाधि स्थापना भए, स्नातकोत्तर तहमा पनि शोधकार्य अनिवार्य गरियो र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न पनि अनुसन्धान कार्यमा जोड दिनुपर्ने भयो । अहिले विश्वविद्यालयको अन्तर्राष्ट्रिय स्तर मापन गर्ने संस्थाहरूमा सूचीकृत हुन र माथिल्लो स्तरमा पर्नका लागि उच्चस्तरीय अनुसन्धान कृति प्रकाशन अनिवार्य भइसकेको छ । त्रिविले पनि अनुसन्धानमा अब्बल

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## गाजामा बम विस्फोट र भोकमरीका कारण दैनिक २८ बालबालिकाको मृत्यु : युनिसेफ

*काठमाडौं,२१ साउन ।*

इजरायलले गरेको नाकाबन्दीपछि उत्पन्न भोकमरीका कारण तथा बमबारीबाट गाजापट्टीमा दैनिक लगभग २८ बालबालिकाको ज्यान गइरहेको संयुक्त राष्ट्र बाल कोष (युनिसेफ)ले मंगलबार घोषणा गरेको छ । इजरायल–हमासबीचको २२ महिनादेखिको संघर्षका कारण गाजाको जनजीवन अस्तव्यस्त बन्दै गइरहेको छ । 'बमबारी, कुपोषण र भोकमरीबाट मृत्यु । सहायता र महत्त्वपूर्ण सेवाहरूको अभावले मृत्यु भएको छ,' युनिसेफले एक्समा गरेको पोस्टमा भनिएको छ, 'गाजामा, दैनिक औसत २८ बालबालिका मारिएका छन् ।' गाजाका बालबालिकालाई खाना, सफा पानी, औषधि र सुरक्षाको तत्काल आवश्यकतामा जोड दिँदै युनिसेफले भनेको छ, 'कुनै पनि कुराभन्दा बढी, उनीहरूलाई युद्धविराम चाहिन्छ ।' इजरायली सेनाले २ मार्चदेखि गाजाको सीमानाकाहरू बन्द गरेको छ भने सामान र सहायताका सामग्री बोकेका सवार साधनलाई गाजापट्टीमा प्रवेशका



लागि रोक लगाएको छ । जसका कारण गाजापट्टीमा अनिकालको संकट निम्त्याएको बताइएको छ ।

**गाजामा इजरायली आक्रमणमा २६ जनाको मृत्यु**

गाजा सिटी– गाजाको नागरिक सुरक्षा निकायका अनुसार इजरायली गोली प्रहार तथा हवाई हमलामा परी मंगलबार कम्तीमा २६ जनाको मृत्यु भएको छ । तीमध्ये १४ जना सहायता वितरण केन्द्र नजिकै खाद्यान्नका लागि पर्खिरहेका बेला मारिएका हुन् । दक्षिण गाजाको खान युनिसमा सहायता पर्खिरहेका ८ जना र मध्य गाजामा ६ जना इजरायली सेनाको गोली लागेर मारिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । त्यस्तै, अल–मावासी क्षेत्रस्थित टेन्टमा रातको हवाई आक्रमणमा पाँच जनाको मृत्यु भएको जनाइएको छ । गाजा सहर नजिक र खान युनिसमा भएका थप आक्रमणमा सात जनाको मृत्यु भएको जानकारी दिइएको छ । मानविक सहायता वितरण केन्द्रहरूमा दैनिक भीडभाड भइरहेका बेला पनि गोली प्रहारका घटना दोहोरिएको गाजाली जनताको भनाइ छ । इजरायली सेनाले घटनाको अनुसन्धान भइरहेको जनाएको छ ।

## गाजा कब्जा गर्ने नेतान्याहुको प्रस्ताव सैन्य अधिकारीबाट अस्वीकार

*काठमाडौं,२१ साउन ।*

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले सुरक्षा क्याबिनेटको बैठकमा गाजा पुनः कब्जाको प्रस्ताव राखेका छन् । उनको यो प्रस्तावलाई सेना प्रमुख लगायत धेरै जनाले अस्वीकार गरेका छन् । नेतान्याहुको यो प्रस्ताव लागू भएमा सेना प्रमुखले पदबाट राजीनामा गर्ने छन् । यो योजनाले अहिले रिहा हुन बाँकी रहेका बन्दीहरूको परिवारमा अझ बढी त्रास समेत छाउने छ । ५० मध्ये २० जना अझै रिहा हुन बाँकी रहेका छन् । इजरायल निकटस्थ धेरै देश पनि नेतान्याहुको प्रस्तावको विरुद्धमा रहने छन् । धेरै देशहरू युद्ध



अन्त्य र गाजामा राहत वितरणको वातावरण सुजना गर्ने प्रयासमा लागिरहेका छन् । नेतान्याहुले यो प्रस्ताव राखेको एक दिन अघिमात्र इजरायलका दर्जनौं पूर्व सैन्य अधिकारीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसामु युद्ध विरामका लागि प्रयास गर्न पत्र लेखेका थिए । यसरी पत्र लेख्ने मध्येका एक पूर्व गुप्तचर प्रमुख अमी आयलनले सेनको यसरी प्रयोग गरिनु दुर्भाग्यपूर्ण हुने बताएका छन् ।

## उत्तरकाशी पहिरो : भारतीय सेनाका ९ जवान बेपत्ता

*काठमाडौं,२१ साउन ।*

उत्तराखण्डको उत्तरकाशीमा मंगलबार बादल फाटेर आएको भीषण पहिरवमा परी भारतीय सेनाका ९ जवान बेपत्ता भएका छन् । भारतीय सेनाका प्रवक्ता लेफ्टिनेन्ट कर्नल मनीष श्रीवास्तवले बीबीसीसँग कुरा गर्दै धरालीको खीर गंगा नदीमा आएको विनाशकारी लेदोमा परी भारतीय सेनाका ९ जवान बेपत्ता भएका हुन् । भारतीय सेना उद्धार कार्यमा सक्रिय रहेको उनको भनाइ छ । उनले भने, 'यस्तो त्रासपूर्ण स्थितिमा पनि १४ राजपुताना राइफल्सका कमान्डिङ अफिसर कर्नल हर्षवर्धन १५० जवानका साथमा राहत र उद्धार कार्यमा सक्रिय छन् ।' यद्यपि हर्षवर्धन नेतृत्वको टिम पनि भारी



वर्षाका कारणले प्रभावित भएको छ । उनको टिमका ९ जवान बेपत्ता छन् । ११ जवान बेपत्ता भएकोमा दुई जनालाई सुरक्षित उद्धार गरिएको छ । श्रीवास्तवले भने, 'भारतीय सेनाको यो टिम नागरिकलाई बचाउनका लागि जुटिरहेको छ । यस टिमले अहिलेसम्म २० जनालाई सुरक्षित उद्धार गरेको छ । राहत कार्यमा पनि तीव्रता ल्याउन अतिरिक्त टिम पठाइएको छ ।' मंगलबार दिउँसो भारतीय समय अनुसार पौने २ बजेतिर अचानक आएको बाढी र पहिरोका कारण अहिलेसम्म चार जनाको मृत्यु पुष्टि भएको छ भने चार दर्जन बढी नागरिक बेपत्ता छन् । मात्र ३४ सेकेन्डको अवधिमा आएको विपद्या परी दर्जनौं घर तथा होटलहरु पुरिएका छन् ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

महागढीमाई नगरपालिकाको कार्यालय
कलैया, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### मधेशको मौसमी चिन्ता......

'तेस्रो फसल' ठहऱ्याएको प्रकोपको उब्जनी भने जुनसुकै मौसममा हुन सक्दछ । प्रकोप न्यूनीकरणका उपाय अवलम्बन गर्नुभन्दा आपदा व्यवस्थापन निहित स्वार्थ समूहका लागि बढी लाभदायक ठहरिने भएकाले नियमितजस्ता विपद्का देखिने कारण र सम्भाव्य निवारणबारे सामान्य बहस पनि हुँदैन ।**विशिष्ट पारिस्थितिकी** वृत्तान्त झन्डै दुई दशक पुरानो भएकाले केही विवरणहरू मिसिएका वा छुटेका हुन सक्दछन् । तर कथाको सार भने यथावत् छ । पर्यावरण संरक्षणसँग सम्बद्ध गैसस व्यवसायमा वैदेशिक सहयोगको अभाव सुरु भइसकेको थिएन । गैसस व्यवसायीहरू रूख बिरुवा जोगाउन प्रोत्साहित गर्नेखाले रंगीन पोस्टर छपाउँथे । पम्प्लेट बाँड्थे । विद्यालयको चौरमा भिडियो देखाएर भूस्खलन जोगाउने विधिबारे भाषण छाँट्थे । त्यस्तै गतिविधिबाट प्रभावित चुरे–भावरतिरको कुनै स्कुलका एउटा विद्यार्थीले आफ्नो अभिभावकलाई भनेछन्– 'कोमलो रूखको स्याउला टिप्न हुन्न, राम्रोसँग प्रकाश संश्लेषण (फोटोसिन्थसिस) हुन पाएन भने बोट मर्न सक्छ । छिप्पिन बाँकी रहेको वृक्ष ढाल्यो भने वन सकिन्छ । भिरालो जग्गाबाट ढुंगा झिक्ने हो भने माटो बगेर जान्छ ।' अभिभावकले भोलिपल्टदेखि त्यो बच्चोलाई स्कुल पठाउन छोडेर गोठालो बनाउन थालेछन् । साभार ईकान्तिपुर ।

### त्रिविमा शिक्षक कसरी........

जनशक्ति भित्र्याउनु अनिवार्य महसुस गरी विश्व बैंकको सहयोगमा विश्वविद्यालय अनुदान आयोगमार्फत सञ्चालित उच्च शिक्षा सुधार परियोजनाअन्तर्गत प्राज्ञिक विशिष्टताका आधारमा प्रथम पटक २०७३ असोज ५ मा २० जना, दोस्रो पटक २०७६ पुस ३ मा ३१ जना प्राध्यापक र सहप्राध्यापकमा नियुक्ति गरिसकेको छ । यसलाई विश्व बैंकले समेत मुख्य उपलब्धिका रूपमा आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । यसैको निरन्तरता स्वरूप यसपटक अनुसन्धानात्मक विशिष्टताका आधारमा शिक्षक नियुक्तिका लागि विज्ञापन गरिएको हो । उम्मेदवारको अनुसन्धान दक्षताको परीक्षण तीन घण्टा कक्षा कोठामा राखेर लिइने लिखित परीक्षाबाट हुन सक्दैन । त्यसकारण योग्य व्यक्ति छनोट हुन, छनोट प्रक्रिया साभार ईकान्तिपुर ।

### पेस्तोलसहित तीन...............

पेस्तोल फेला पारेको हो । पक्राउ परेका तीनैजनालाई मिचैया प्रहरी कार्यालयमा राखेर प्रारम्भिक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी वीरेन्द्र पासवानले जानकारी दिए । उनका अनुसार उनीहरूलाई बुधबार सिरहा जिल्ला अदालतमा उपस्थित गराई हातहतियार तथा खरखजाना सम्बन्धी मुद्दामा म्याद थप गरी अनुसन्धान अघि बढाइनेछ ।

### चुनावअघि शिलान्यास........

दुवैको बचत हुनेछ । यति महत्त्वपूर्ण परियोजना बजेट अभावको बहानामा तीन वर्षदेखि अलपत्र पर्नुले सरकार र जनप्रतिनिधिको कार्यशैलीमाथि गम्भीर प्रश्न उठेको छ ।

### स्थानीयले पूजापाठ.............

खानेपानी पाउने सुविधा प्राप्त गरेका छन् । वीरगंज महानगरपालिकाका विभिन्न वडाहरूमा रहेका अधिकांश चापाकल एकाएक सुकेपछि मन्त्री यादवले प्रभावित क्षेत्रहरूको स्थलगत अवलोकनसमेत गरेका थिए । उनले पानीको समस्या तत्काल समाधान गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका थिए । हाल वीरगंज महानगर क्षेत्रका विभिन्न स्थानहरूमा तीव्र रूपमा डिप बोरिङ जडानको कार्य अघि बढिरहेको छ । बाँकी केही ठाउँमा देखिएको समस्या समाधानका लागि पनि प्रक्रिया सुरु भइसकेको छ । मन्त्री यादवका स्वकीय सचिव गुप्ताका अनुसार, आगामी केही दिनभित्र वीरगंज महानगरपालिकामा देखिएको खानेपानी संकट सतप्रतिशत समाधान हुने विश्वास व्यक्त गरिएको छ ।

### सामुदायिक प्रहरीद्वारा........

चेतनास्तरमा वृद्धि भएको देखिएको थियो । कार्यक्रमले उनीहरूमा आत्मविश्वास, सार्वजनिक बोल्ने क्षमता र सुरक्षा सजगता अभिवृद्धिमा सहयोग पुऱ्याएको आयोजकले

### खुला सीमानाका कारण.....

जसमा भन्सारमा दाखिला गरिएका सामान रु २८ करोड ९२ लाख छन् । बरामद हुने सामानहरूमा मोटर पार्ट्स, लत्ताकपडा, ड्राइफ्रुट, हार्डवेयर सामग्री, इलेक्ट्रोनिक्स, गुट्खा, कुखुरका चल्ला लगायत विविध वस्तुहरू रहेका छन् । बीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले नीति निर्माणको कमजोरीले वैधभन्दा अवैध कारोबारलाई प्रोत्साहन दिएको बताउँछन् ।

### पर्सामा ९० प्रतिशत............

हो । तर किसानहरू बोरिङ लगायत आफ्नै स्रोत–साधन प्रयोग गरी तीव्र रूपमा रोपाइँ गरिरहेका छन् । यसै साताभित्र शतप्रतिशत रोपाइँ सम्पन्न हुने अपेक्षा छ ।"पर्सामा यस वर्ष ३९ हजारदेखि ४० हजार हेक्टर क्षेत्रफलमा बर्षे धान खेती हुने अनुमान गरिएको छ । गत वर्ष पनि लगभग यही क्षेत्रफलमा रोपाइँ भएको थियो । धान जिल्लाको मुख्य बाली हो, र १४ वटै स्थानीय तहमा प्रमुख बालीको रूपमा यसैको खेती गरिन्छ । अझै केही दिन वर्षा निरन्तर हुने सम्भावना भएकाले धान उत्पादनमा उल्लेखनीय गिरावट नहुने

### उखुमा अनुदान कटौती.....

उनीहरूले मार्ग सम्बोधन नभए भदौ ८ गतेदेखि काठमाडौंको माइतीघर मण्डलामा चरणबद्ध धर्ना सुरु गर्ने चेतावनी पनि दिए ।

# स्वास्थ्य

## गर्भवतीलाई किन दिइन्छ आइरन चक्की ?



गर्भावस्थामा आमाको शरीरमा विभिन्न परिवर्तन आइरहेको हुन्छ । साथै गर्भमा शिशुको शारीरिक विकास भइरहेको हुन्छ । यी दुवैको अंग तथा तन्तुहरुमा अक्सिजन प्रवाह गर्नका लागि हेमोग्लोबिनको जरुरत हुन्छ । हेमोग्लोबिन रातो रक्तकोषिकामा पाइने एक किसिमको प्रोटिन हो । शरीरमा हेमोग्लोबिन बनाउन आइरन जरुरत हुन्छ । तर हामीले खाइरहेको खानपानबाट मात्र त्यसको पर्याप्त नहुँदा आइरन चक्की खान दिइन्छ । सामान्यतया महिलाहरुको १३ ग्रामप्रति डेसिलिटर हेमोग्लोबिन हुनुपर्छ । गर्भावस्थामा हेमोग्लोबिनको मात्रा कमी नहोस् भनेर आइरन चक्की दिने गरिन्छ ।

**आइरन के हो ?** आइरन एक खनिज (मिनरल) हो, जुन कतिपय शारीरिक प्रक्रियालाई सुचारु रुपले सञ्चालन गर्नका लागि जरुरी हुन्छ । आइरनले शरीरमा हेमोग्लोबिन उत्पादन सहयोग गर्छ ।हेमोग्लोबिनले शरीरका विभिन्न भागमा अक्सिजन प्रवाह गर्न रातो रक्तकोषिकालाई सहयोग गर्छ । यसैले शरीरमा आइरनको अभाव भएमा अक्सिजनको कमी हुन्छ । आइरनले प्रतिरोधक क्षमता, कोषिकाको उचित सञ्चालन र मांसपेशी बलियो बनाउने काम गर्छ । यदि शरीरमा आइरनको कमी भएमा रक्तअल्पता हुन्छ ।

**खानेकुराबाट पाइन्छ आइरन ?**

शरीरलाई आइरन हामीले खाने खानेकुराबाट प्राप्त हुन्छ । यसको मुख्य स्रोतहरु माछामासु, हरियो सागपात, कर्कलो, मेथीको साग, तोरी, पालुंगोको साग हुन् । यीबाहेक किसमिस, बदाम, काजु, पेस्तामा पनि आइरन धेरै मात्रामा पाइन्छ । चुकन्दर, अनार, गाँजर, आलुबखडा, सुन्तला, कागती, अमला, केरा, अम्बा, स्याउमा आइरन सोस्न सघाउने भिटामिन सी पाइन्छ । यीमध्ये चुकन्दर, अनार, कर्कलो, हरियो सागपात, अमला आइरनको हिसाबले समृद्ध स्रोत मानिन्छ । **हामीलाई दैनिक कति आइरन जरुरत हुन्छ ?**

दैनिक कति आइरन चाहिन्छ भनेर ठ्याक्कै तोकिएको छैन । यसमा मान्छेको शारीरिक अवस्था, उमेर निर्भर रहन्छ । गर्भवती महिलाको शारीरिक अवस्था ठीकै भएमा दिनको एक चक्की आइरन खान दिइन्छ । यदि हेमोग्लोबिनको मात्रा कम छ भने दिनमा दुई चक्कीसम्म आइरन दिने गरिन्छ ।

**आइरनको कमीले के हुन्छ ?**

शरीरमा आइरनको कमी भएमा रक्तकोषिकाहरु नष्ट हुँदै जाने वा शरीरमा रातो रक्तकोषिका निर्माण प्रक्रियामा कमी हुन थाल्छ । यसले गर्भवती महिलामा पार्न सक्ने जोखिम भनेको गर्भ तुहिने हो । साथै आइरनको अत्यधिक कमी भएमा रक्तअल्पता अर्थात् एनिमिया रोग लाग्न सक्छ । आइरनको कमी हुँदा अल्छी लाग्ने, कुनै कुरामा ध्यान केन्द्रित नहुने, कमजोर महसुस हुने, सुस्त हुने लक्षण देखापर्छ ।

# वर्तमान सरकार पाप लुकाउने संयन्त्र मात्रै हो : संघीय लोकतान्त्रिक मोर्चा

*काठमाडौं,२१ साउन ।*

संघीय लोकतान्त्रिक मोर्चाका नेताहरूले वर्तमान सत्ता गठबन्धनलाई “अप्राकृतिक र पाप लुकाउने संयन्त्र”को संज्ञा दिँदै तीव्र आलोचना गरेका छन् । बुधबार रुपन्देहीको सियारीमा आयोजित जनजागरण अभियानअन्तर्गतको कार्यक्रममा उनीहरूले राज्यसत्ताबाट मधेश अझै टाढा रहेको गुनासो गरे । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले हालको सरकार जनचाहनाविपरीत गठबन्धनबाट बनेको दाबी गर्दै भने, “यो सत्ता जनताको होइन, देश लुट्न र पाप ढाकछोप गर्न बनाइएको हो ।” उनले रुपन्देही-३ को उपनिर्वाचनलाई २०८४ सालको चुनावको पूर्वतयारी र मधेशी जनताको अधिकारको परीक्षा भएको बताए । जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले राज्य सबै नेपालीको भए पनि तराई-मधेशको सत्ता पहुँचबाट बहिष्कृत भएको बताए । उनले चुरे क्षेत्रको विनाशलाई सभ्यताको विनाशको रूपमा चित्रण गर्दै चुरे संरक्षणमा



कानुनको नाममा भइरहेको खेलवाड सह्य नहुने बताए । नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले थारु र मधेसी समुदायबीचको ऐक्यबद्धता उल्लेख गर्दै उपनिर्वाचनलाई ‘विश्वास र जागरणको परीक्षा’को रूपमा लिन आग्रह गरे । मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले तत्कालीन लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गरे । जसपा नेपालका महासचिव रामकुमार शर्माले मधेश आन्दोलनले ल्याएको परिवर्तनलाई भुल्न नहुने भन्दै उत्पीडित समुदायबीच एकता आवश्यक भएको बताए । लोसपा नेतासमेत रहेका प्रदेश मन्त्री सन्तोष पाण्डेले संघीय लोकतान्त्रिक मोर्चाका साझा उम्मेदवारलाई उपनिर्वाचनमा जिताउन आफूहरूले सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे । संघीय लोकतान्त्रिक मोर्चाले देशभर आठ स्थानमा जनजागरण अभियान सञ्चालन गरिरहेको छ । अभियानअन्तर्गत विभिन्न ठाउँमा समान मुद्दा उठाउँदै सरकारप्रति असन्तुष्टि प्रकट गर्ने र आगामी राजनीतिक रणनीति तय गर्ने कार्य भइरहेको छ ।

# १८ वर्षमुनिका मात्र बालसुधार गृहमा राख्न मिल्ने व्यवस्था विधेयकमा समावेश हुनुपर्ने सुझाव

*काठमाडौं,२१ साउन ।*

संघीय संसद अन्तर्गतको महिला तथा सामाजिक समितिका सभापति किरणकुमार साहले बालविवाहसम्बन्धी कानून संशोधनको आवश्यकता रहेको बताएका छन् । उनले सात वर्षअघिको कानून अहिलेको परिवर्तनशील समाजअनुसार कमजोर भएको भन्दै बालबालिकाको हितमा केन्द्रित विधेयक ल्याउनुपर्नेमा जोड दिए । महिला विकास र कानुन मञ्च (FWLD) ले युनिसेफको सहयोगमा बालबालिकासम्बन्धी पहिलो संशोधन विधेयकबारे सांसदहरूसँग छलफल गर्दै बुधबार कार्यक्रम आयोजना गरेको थियो । सो अवसरमा सभापति साहले नेपालमा रहेका बालसुधार गृहहरू मापदण्डअनुरूप नचलिरहेको उल्लेख गर्दै त्यहाँ रहेका बालबालिका न्यूनतम सुविधा र सुरक्षाबाट पनि वञ्चित रहेको बताए । उनले सुधार गृहमा १८ वर्षमुनिका मात्र बालबालिकालाई राख्ने व्यवस्था विधेयकमा स्पष्ट गरिनुपर्ने बताए । साथसाथै बालविवाह जस्तो अपराधको कल्पनासम्म पनि नगर्न सकिने समाज निर्माण गर्न आवश्यक कानुनी संरचना तयार पार्नुपर्नेमा जोड दिए । कार्यक्रममा FWLD का कार्यकारी निर्देशक अधिवक्ता सविन



श्रेष्ठले विधेयक बालबालिकासँग सम्बन्धित अन्यायलाई ध्यानमा राखेर ल्याइएको बताए । उनले ‘दिशान्तर’ र ‘अनाथ बालबालिका’ जस्ता महत्वपूर्ण शब्दहरूको परिभाषा स्पष्ट गर्नुपर्ने, थर गोपनीयता, जोखिमपूर्ण कामबाट सुरक्षा, धर्म परिवर्तनको दुरुपयोग रोकथामजस्ता विषय समावेश गरिनुपर्ने सुझाव दिए । श्रेष्ठले बाल अदालतको सुदृढीकरण र युएन मानवअधिकार समिक्षा (गएच) अन्तर्गत आएका सिफारिसलाई विधेयकमा समेट्न आग्रह गरे ।बाल अधिकारसम्बन्धी अधिवक्ता विधान खनियाले धरौटी नतोक्ने इजलासको सीमाको कारण बालसुधार गृहमा समस्या देखिएको बताए । यस्तै, बालअधिकार परिषद् का श्रीराम अधिकारीले विधेयकको दफा २४ र ४३ माथि पुनर्विचार गर्न सुझाव दिए । युनिसेफ प्रतिनिधि रामप्रसाद गौतमले दफा ६२ मा ‘ बाल मनोविज्ञ’ शब्दको सट्टा ‘ बालमनोविमर्शकर्ता’ शब्द प्रयोग गर्न र विधेयकमा साइबर हिंसाबारे छुट्टै व्यवस्था आवश्यक भएको सुझाव दिए ।सांसदहरू रञ्जुकुमारी झा र प्रतिक्षा तिवारीले विधेयकको अस्पष्ट प्रावधानहरू छलफलबाट स्पष्ट भएको प्रतिक्रिया दिए । तिवारीले पीडित स्वयंलाई छलफलमा सहभागी गराएको भए विधेयक अझ व्यवहारिक बन्न सक्थ्यो भन्ने धारणा राखिन् । कार्यक्रमको उद्देश्य विधेयकका अपुरो पक्षहरू सांसदहरू माझ स्पष्ट पार्नु र सर्वसाधारणसम्म जानकारी पु-याउनु रहेको वरिष्ठ अधिवक्ता मीरा ढुंगानाले बताइन् ।

# असोज १ देखि गाडीमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य

*काठमाडौं,२१ साउन ।*

सरकारले आउँदो असोज १ गतेदेखि सबै सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य रूपमा जडान गर्नुपर्ने निर्णय गरेको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा बसेको विषयगत समितिको बैठकले यो निर्णय गरेको हो, जसमा सातवटै प्रदेशका मन्त्री तथा सचिवहरूको सहभागिता थियो । बैठकले असोज १ देखि सबै प्रदेश सरकार मातहतका यातायात व्यवस्था कार्यालयहरूबाट हुने सवारी दर्ता, नामसारी र नवीकरणका कार्यहरूमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य रूपमा जडान गर्नुपर्ने निर्णय गरेको छ । यसका लागि आवश्यक प्राविधिक




सहयोग यातायात व्यवस्था विभागले उपलब्ध गराउनेछ भने ट्राफिक प्रहरीलाई परिचालन गरी निगरानी कडाइ गरिनेछ । बैठकले सुरक्षण मुद्रण केन्द्रलाई सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइ कार्य भदौ मसान्तभित्र सुरू गर्न आग्रह गर्ने निर्णय पनि गरेको छ । लामो समयदेखि लाइसेन्स छपाइमा ढिलाइ हुँदा सेवाग्राहीलाई समस्या हुँदै आएको थियो । बैठकले सवारी चालक अनुमतिपत्र १० वर्षका लागि वितरण गर्दा लाग्ने राजस्वमा एकरुपता ल्याउने, सेवासम्बन्धी सम्पूर्ण तथ्यांक डिजिटल बनाउने र भुक्तानी प्रक्रिया पूर्णतः विद्युतीय माध्यमबाट गर्न सकिने व्यवस्था लागू गर्ने निर्णय गरेको छ । साथै, सफ्टवेयर प्रणालीलाई अझ चुस्त बनाउने, राइड सेयरिङ सेवामा एकरुपता कायम गरी लागू गर्ने निर्णय पनि गरिएको छ । सेवाग्राहीले कर तिर्नका लागि लाइनमा बस्न नपर्ने व्यवस्था मिलाउन सबै प्रदेश सरकारलाई निर्देशन दिइएको छ । मन्त्री दाहालले कर भुक्तानी लगायतका सेवाहरूका लागि अनलाइन पेमेन्ट प्रणाली लागू गर्न प्रदेश सरकारहरूलाई आग्रह गरेका छन् ।

# संसदमा मधेसमा डिपबोरिङ र स्यालो ट्युबेलको व्यवस्था गर्न माग

*जनकपुर,२१ साउन ।*

मधेस प्रदेशमा फैलिएको खडेरी संकट समाधान गर्न सांसदहरूले डिपबोरिङ र स्यालो ट्युबेलको तत्काल व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।प्रतिनिधिसभाको बुधबारको बैठकको आकस्मिक समयमा बोल्दै सांसदहरूले खडेरीग्रस्त क्षेत्रमा सरकारले संकटग्रस्त क्षेत्र घोषणा गरे पनि सिंचाइको विकल्प नहुँदा किसान समस्यामा परेको भन्दै ठोस कदम चाल्न आग्रह गरेका हुन् । सांसद रामकृष्ण यादवले मधेसमा केही वर्षदेखि पुनःपुनः खडेरी परिरहेको उल्लेख गर्दै भने, “सामान्य वर्षा भए पनि त्यो पर्याप्त छैन । डिपबोरिङ र स्यालो ट्युबेलको भरपर्दो व्यवस्था नगरी समस्या समाधान हुदैन ।” त्यस्तै, सांसद महेशकुमार बर्तौलाले मृगौला,




क्यान्सर, मेरुदण्ड पक्षघातलगायत गम्भीर रोग लागेका व्यक्तिहरूले सरकारले दिने उपचार सहायता नपाइरहेको बताए ।

उनले रोगको कारणले धनीसमेत गरिब हुने अवस्था आउनसक्ने भन्दै तोकिएका चार रोगमा कार्यविधि संशोधन गरेर सबैलाई सहयोग पुऱ्याउने व्यवस्था गर्न स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराए । सांसद अमनलाल मोदीले ‘कुलिङ अफ पिरियड’, मन्त्रीहरूको लेनदेन, भिजिट भिसा दुरुपयोग, र मल अभावजस्ता विषयमा सरकार अझ जिम्मेवार बन्नुपर्ने बताए । सांसद रमा कोइराला पौडेलले विदेशमा पीडा भोगिरहेका नेपालीलाई स्वदेश फर्काउने दिशामा सरकार गम्भीर हुनुपर्नेमा जोड दिइन् ।

साथै, २० वर्षभन्दा बढी काम गरिसकेका कर्मचारीहरूलाई सरकारले उचित व्यवस्थाबिना घर पठाउन लागेको भन्दै असन्तुष्टि व्यक्त गरिन् ।

# सप्तरीमा प्रहरीको गोलीबाट स्थानीयको मृत्यु

*जनकपुर,२१ साउन ।*

सप्तरीको राजगढ गाउँपालिका-२, कमलपुरमा प्रहरीको गोली लागेर एक स्थानीयको मृत्यु भएपछि क्षेत्र तनावग्रस्त बनेको छ । घटनाको विरोधमा आक्रोशित स्थानीयले बुधबार बिहान जिल्ला प्रहरी कार्यालय अगाडि टायर बालेर प्रदर्शन गरेका छन् । प्रदर्शनकारीहरूका अनुसार मंगलबार राति गाउँमा छापा मार्न पुगेको प्रहरी टोलीले स्थानीयमाथि ज्यादती गरेको आरोप लागेको छ । गोली लागेर ज्यान गुमाउने व्यक्ति लालु यादव रहेको पुष्टि भएको छ, जो सोही गाउँको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत थिए । उनीमाथि प्रहरीले तस्करको मिलोमतोमा गोली चलाएको स्थानीयको दाबी छ ।

घटनाको विरोधमा सडकमा उत्रिएका स्थानीयले जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर वीरेन्द्रकुमार यादवलाई कारबाही गर्नुपर्ने माग गर्दै नाराबाजी गरेका छन् । साथै, घटनाको निष्पक्ष छानबिन हुनुपर्ने र दोषीमाथि कारबाही गर्नुपर्ने उनीहरूको माग छ । घटनाबारे जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी जितेन्द्रकुमार बस्नेतले जानकारी दिँदै भने, “तस्करी नियन्त्रणका लागि गएको टोलीमाथि झडप भएपछि आत्मरक्षाका लागि तीन राउन्ड गोली प्रहार गरिएको थियो ।” उनका अनुसार गोली लालु यादवको तिघ्रामा लागेको थियो र उपचारको क्रममा उनको मृत्यु भएको हो ।

प्रहरीका अनुसार घटनास्थलबाट भारत तर्फ तस्करी हुन लागेको ८० कार्टुनभन्दा बढी मदिरा बरामद गरिएको छ ।

# पेस्तोलसहित तीन भारतीय नागरिक पक्राउ

*जनकपुर,२१ साउन ।*

सिराहाको नरहा गाउँपालिका-३, चोहर्वा-सिराहा सडकखण्डमा प्रहरीले नलकटुवा पेस्तोलसहित तीन भारतीय नागरिकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार पक्राउ पर्नेमा भारतको बिहार राज्य, मधुवनी जिल्लाको बेलही पञ्चायत-३ का ओमशंकर यादव, ऋषिनाथ मण्डल र आकाशकुमार मण्डल रहेका छन् । उनीहरू मंगलबार अपराह्न एउटै मोटरसाइकलमा सवार रहेका बेला पक्राउ परेका हुन् । इलाका प्रहरी कार्यालय मिर्चैयाबाट प्रहरी नायब उपरीक्षक (डीएसपी) राजेशराज पुरीको नेतृत्वमा खटिएको टोलीले चेकजाँचको क्रममा उनीहरूलाई रोकेर तलासी गर्दा मोटरसाइकलमा लुकाएर राखिएको नलकटुवा

बाँकी तेश्रो पृष्ठमा⇨

भू-संरक्षण गरौं ।

**भू-संरक्षणका उपायहरू:**
❖गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
❖खेती गर्दा गहरा बनाइ गरौं,
❖भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
❖बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
❖सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
❖पानी संरक्षणका उपायहरू अपनाऔं,
❖स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

**“माटो बचाऔं, भविष्य जोगाऔं ।”**

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा